खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ५८
मिति :-२०७९/०५/०९

## खिजिदेम्बा गाउँपालिकाले १०० दिन भित्र गरेका कार्य प्रतिवेदन

### सडक तथा ढल व्यवस्थापन तर्फ

१. ९ वटै वडाको मूल सडक, काठमाण्डौ देखि खिजिदेम्बा र खिजिदेम्बा देखि ओखलढुंगा सदरमुकाम सम्म आवतजावत सडक स्तरोन्नती ।

२. सोलुखुम्बु जिल्लाको लिखुपिके गाउँपालिकाहुँदै खिजिदेम्बाको वडा नं. ८ को काचपु, भुसिङ्गा, खोपीखर्क, टाँगा, चुली काप्ती, वडा नं. ७ को ज्याङ्दिङ, थाम डाँडा, वडा नं. ४ को चर्नालु, वडा नं. ३ को पुठा त्यस्तै गरी वडा नं. ५ को जिरखर्क, डाँरखर्क, पात्लेखर्क हुँदै खिजिदेम्बाको खिजिफलाटे जोड्ने सडकका लागि राष्ट्रिय बजेट व्यवस्थापन ।

३. वडा नं. ५ खिजिफलाटे बजारहुँदै पात्लेखर्क, दोब्भे भञ्ज्याङ , ६ नं. वडाको फेदी गुम्बा, हाते बन्से, हुँदै मोलुङ गाउँपालिका बाट ओखलढुङ्गा सदरमुकाम हुँदै प्रदेश नं. १ को राजधानी जोडिने पक्की सडकका लागि संघीय मन्त्रालयबाट राष्ट्रिय बजेट व्यवस्थापन ।

४. खिजिफलाटको बढ्दो बजारलाई लक्षित गरी ढल व्यवस्थापनको लागि क्रमागत योजनाका रुपमा संघीय मन्त्रालयबाट बजेट व्यवस्थापन ।

### झोलुङ्गे पुल निर्माण तर्फ

५. रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकाको वडा नं. ७ बाट खिजिदेम्बा गा. पा. को वडा नं. १ जोडिने झोलुङ्गे पुलको लागि बजेट व्यवस्थापन

६. खिजिदेम्बाको ९ नं. वडामा रहेको मोलुङ खोला, ताउर, खोलाखर्क झोलुङ्गे पुलका लागि बजेट व्यवस्थापन ।

### खानेपानी तर्फ

७. खिजिदेम्बा गाउँपालिकामा पर्ने नेपालको सातवटा अग्लो डाँडा मध्यमा पर्ने थोले देम्बा डाँडाको पर्यटनलाई लक्षित गरी प्रदेश नं. १, खानेपानी मन्त्रालयबाट खानेपानी आयोजनाका लागि बजेट व्यवस्थापन ।

८. वडा नं. ६ मा रहेको बन्से, कात्तिकेखर्क खानेपानी समस्यालाई मध्यनजर गरी प्रदेश बजेट डिपिआरका साथै बजेट व्यवस्थापन ।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

## स्वस्थ्य तर्फ

९. प्रदेश स्वस्थ्य मन्त्रालयको अगुवाइमा Toyota Range Rover एम्बुलेन्स गाउँपालिकाले प्राप्त गरी सञ्चालन ।

१०. प्राथामिक आँखा उपचारको लागि तिलगंगा अस्पतालसँग सम्झौता गरी नेत्र सहायक कर्मचारी नियूक्त ।

१२. सुत्केरीलाई नि:शुल्क एम्बुलेन्स, २ जनाले लावान्वित ।

१३. गाउँपालिकाको अस्पतालमै भिडियो एक्सरे सेवा सञ्चालनका लागि रेडियो ग्राफर नियूक्त ।

१४. सामुदायिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीको कर्मचारी गाउँटोलमै गएर कोभिड परीक्षण र सुरक्षा विधिबारे सचेतना कार्यक्रम सञ्चालन साथै ३ बर्ष देखी १२ बर्ष मुनिका १२९३ बालबालिकाहरुलाई खोप लगाउने कार्यकम सम्पन्न ।

## शिक्षा तर्फ

१६. शिक्षा क्षेत्रलाई ध्यानमा राखी १ वडा १ नमुना विद्यालयको अभियान थालनी र बजेट विनियोजन ।

१६) वडा शिक्षा समिति पुन: गठन गर्दै म्याद सकिएका व्यवस्थापन समितिहरु पुन: गठन साथै शिक्षक आपूर्ति रहेको विद्यालयमा शिक्षक पदपूर्ति गरिएको ।

## भौतिक तथा पूर्वाधार विकास तर्फ

१७. धार्मिक स्थल गुम्बा पुन :निर्माणको लागि गुम्बा विकास बोर्डबाट बजेट व्यवस्थापन ।

१८. निर्माणधिन २ तले प्रशासकीय भवनलाई २ तल थप्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रलयबाट बजेट स्वीकृत ।

१९. ६ वटा वडा कार्यालयको भवन निर्माणका लागि बोलपत्र आह्वान गरी आगामी असोजदेखि निर्माण शुरु गर्ने तयारी ।

२०. खिजिदेम्बा गाउँपालिकाको वडा नं. ५ मा सामुदायिक भवन निर्माणको लागि प्रदेश सरकारबाट बजेट व्यवस्थापन ।

२१. विभिन्न वडामा श्रमदान र विभिन्न व्यक्तिको सहयोगमा काठे पुल निर्माण ।

## जडिबुटी तर्फ

२१. जडीबुटी प्रशोदन तथा अनुसन्धानको लागि वन तथा वातावरण मन्त्रालयसँग कार्यक्रम अशोजबाट काम शुरु हुने गरी सम्झौता सम्पन्न ।

## विद्युत तर्फ

२२. केन्द्रीय विद्युत प्रशारण लाइनको लागि बोलपत्र आह्वान गरी कार्य थालनी ।

२३. वृद्ध तथा विपन्न परिवार र एकल महिलाहरुलाई सोलर वितरण ।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष